# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, मार्ग १ गते २०२१ साल [ अतिरिक्ताङ्क १८

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### भूमि सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनको ऐन

प्रस्तावनाः– मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निस्क्रिय पूंजी र जनसंख्याको भार झिकी अर्थ व्यवस्थाको अन्य क्षेत्रमा लगाउन, र

कृषि योग्य भूमिको न्यायोचित वितरण र कृषि सम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुबिधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "भूमि सम्बन्धी ऐन, २०२१" रहेको छ ।

(२) परिच्छेद १, ७, ८, १० र ११ नेपाल अधिराज्यभर तुरुन्त प्रारम्भ हुनेछन् र अरू परिच्छेद, दफा वा उप–दफाहरू समय समयमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जग्गावाला" भन्नाले प्रचलित नेपाल कानून बमोजिम श्री ५ को सरकारमा मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा जग्गा दर्ता गरी सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्ति सम्झनु पर्छ र सो शब्दले देहायको जग्गाको सम्बन्धमा देहायको व्यक्तिलाई समेत जनाउंछ ।

(१) बिर्ता उन्मूलन ऐन, २०१६ बमोजिम उन्मूलन भएको बिर्ता जग्गाको सम्बन्धमा जग्गावालाको हैसियतले दर्ता गरिने व्यक्ति,

(२) जिमिदारी साथको जग्गाको सम्बन्धमा जिमिदार,

(३) त्यस्तो जग्गावालाको हकवाला वा अंशियार भएको नाताले वा त्यस्तो जग्गावालाले कानून बमोजिम आफ्नो हक छोडी दिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति,

(४) त्यस्तो जग्गावालाको हकको जग्गा अरू कसैले भोग वा दृष्टि बन्धकीमा लिई कानून बमोजिम भोग चलन गरी आएको भए त्यसरी भोग चलन गरुञ्जेल सो व्यक्ति ।

(ख) "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनु पर्छ ।

(ग) "कुनै व्यक्तिका सम्बन्धमा परिवार" भन्नाले सो व्यक्ति र निजको देहायका अवस्थाका नातेदारसम्मलाई सम्झनु पर्छः–

(१) अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि पति वा पत्नी,

(२) बाबु वा आमा जीवित छउञ्जेल अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि १६ वर्षउमेर नपुगेका छोरा,

268

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(३) बाबु वा आमा जिवित छउञ्जेल ३५ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी ।

(घ) "कुत" भन्नाले जग्गावालाको जग्गा कमाउन लिए बापत मोहीले जग्गावालालाई बुझाउने नगदी वा जिन्सी वा दुबै सम्झनु पर्छ ।

(ङ) "घरबारी" भन्नाले मानिस बसोबास गर्ने घर र सो घरले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले घरसंग जोडिएको वा फरक रहेको गोठ, भकारी, इनार, पोखरी, ग्यारेज, तबेला, फलफूलको बगैंचा, तरकारी बारी, बांस घारी, खरबारी, खेलकूद वा मनोरञ्जन गर्ने ठाउं र सो सरहको अरू कुनै काममा लगाइएको जग्गालाई समेत जनाउंछ ।

(च) "कुनै जग्गाको सम्बन्धमा मूल्य वार्षिक उब्जनी" भन्नाले वर्षभरिमा सो जग्गामा लगाउने बाली मध्ये सबभन्दा बढी लाभ हुने बालीको उब्जनी सम्झनु पर्छ ।

(छ) "किसान" भन्नाले खेतीमा लागेको व्यक्ति सम्झनु पर्छ ।

(ज) "जिमिदारी" भन्नाले जिमिदार, पटवारी, तालुकदार, जिम्मावाल, मुखिया, थरी, द्वारे वा अरू कुनै नामबाट एजेण्ट खडा गरी निजद्वारा कानून बमोजिम मालपोत असूल तहसील गरी श्री ५ को सरकारमा दाखिल गर्ने गराउने व्यवस्था सम्झनु पर्छ ।

(झ) "मालपोत" भन्नाले जग्गावालाले प्रचलित नेपाल कानून बमोजिम श्री ५ को सरकारलाई तिर्नु पर्ने मालपोत र सो सरहको अरू कुनै तिरोलाई समेत जनाउंछ ।

(ञ) "सूचित आदेश" भन्नाले श्री ५ को सरकारबाट नेपाल गजेटमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गतको नियम वा सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## जिमिदारी उन्मूलन

३. जिमिदारी उन्मूलन:– जिमिदारी उन्मूलन गरिएको छ । त्यस्तो उन्मूलनको परिणाम स्वरूप सम्बन्धित मौजामा जिमिदारीसित सम्बन्धित एजेण्टहरूको सबै हक र अधिकार स्वतः समाप्त भएको मानिनेछ ।

तर– जिमिदारी साथको जग्गाको हकमा सो जग्गा सम्बन्धित जिमिदारको नाउंमा जग्गावालाको हैसियतले नम्बरीमा दर्ता गरिनेछ ।

262

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. जिमिदारी सम्बन्धी कागजपत्रः– (१) जिमिदारीको कागजपत्र जिम्मा भएको व्यक्तिले सो कागजपत्र तोकिएको अड्डा वा अधिकारीबाट आदेश भएका बखत निज छेउ बुझाउनु पर्छ ।

(२) उप–दफा (१) बमोजिम कागजपत्र बुझाई नसकेकोमा त्यस्तो अड्डा वा अधिकारीले भमि सम्बन्धी काममा सो कागजपत्र हेर्न चाहेका बखत निजलाई देखाई काम सकिएपछि फिर्ता लिई आफ्नो जिम्मामा सुरक्षित राख्नु पर्छ ।

५. मालपोत असूल तहसील गर्नेबारे अन्तरिम व्यवस्थाः– श्री ५ को सरकारले दफा ३ बमोजिम उन्मूलन भएको जिमिदारीको मालपोत असूल तहसील गर्ने अर्को व्यवस्था
२०. नगरेसम्म जिमिदारी उन्मूलन हुनु अघि मालपोत असूल तहसील गर्नुपर्ने कर्तव्य भएको व्यक्ति वा अरू कुनै तोकिएको व्यक्ति वा स्थानीय पञ्चायतबाट तोकिएको शर्त अनुसार मालपोत असूल तहसीलको काम गराउन सक्नेछ ।

६. दण्ड सजायः– (१) कसैले दफा ४ बमोजिम पालन गर्नुपर्ने कर्तव्य पालन नगरेमा निजलाई तोकिएको अड्डा वा अधिकारीले रु. ५००।– पांचसयसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय गरी त्यस्तो कागजपत्र आफ्नो कब्जामा लिन सक्नेछ ।

(२) दफा ५ बमोजिम मालपोत असूल तहसील गर्नुपर्ने कर्तव्य भएकाले कानून बमोजिम असूल तहसील नगरेमा वा तत्सम्बन्धी अन्य कुनै कर्तव्यको पालन नगरेमा तोकिएको अड्डा वा अधिकारीले त्यसबाट श्री ५ को सरकारलाई भएको हानि नोक्सानी
२१. निजको घर घरानाबाट असूल उपर गरी निजलाई रु. १०००। एकहजारसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

(३) उप–दफा (१) वा (२) अन्तर्गत कुनै अड्डा वा अधिकारीले दिएको सजा-
२२. यको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेशको सूचना पाएका मितिले ३५ दिन भित्र तोकिएको अदालतमा अपील गर्न सक्नेछ ।

## परिच्छेद–३

## जग्गाको हद बन्दी

७. जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हदः– (१) कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले जम्मा २५ बिगाहामा नबढ्ने गरी बेहायको क्षेत्रमा बेहायको हदसम्म मात्र जग्गा राख्न पाउनेछः–

(क) भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा– २५ बिगाहा ।

(ख) काठमाण्डू उपत्यकामा– ५० रोपनी ।

(ग) काठमाण्डू उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा– ८० रोपनी ।

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) उप–दफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा निजको परिवारले देहायमा लेखिएको हदमा नबढ्ने गरी घरबारीको निमित्त आवश्यक भए जति जग्गा उप–दफा (१) मा लेखिएको जग्गामा थप गरी राख्न सक्नेछः–

(क) भित्री मध्येश समेत सम्पूर्ण तराई क्षेत्रमा– ३ बिगाहा।

(ख) काठमाण्डू उपत्यकामा– ८ रोपनी।

(ग) काठमाण्डू उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा– १६ रोपनी।

तर तोकिएको शहरी क्षेत्रभित्र यो उप–दफा बमोजिम क्रमशः १ बिगाहा, ५ रोपनी र १० रोपनीसम्म जग्गा राख्न पाइनेछ।

८. मोहीको हैसियतले कमाउन पाउने जग्गाको अधिकतम हदः– (१) कुनै व्यक्ति वा निजको परिवारले मोहीको हैसियतले देहायको हदसम्म मात्र जग्गा कमाउन पाउनेछः–

(क) भित्री मध्येश समेत सम्पूर्ण तराई क्षेत्रमा– ४ बिगाहा।

(ख) काठमाण्डू उपत्यकामा– १० रोपनी।

(ग) काठमाण्डू उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा– २० रोपनी।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले कुनै जग्गा राखेको भए सो समेत गरी उप–दफा (१) मा तोकिएको अधिकतम हदमा नपुग जग्गा सम्म मोहीको हैसियतले कमाउन पाउनेछ।

९. अरू कुनै नाउंबाट भोगेको जग्गा सम्बन्धी व्यवस्थाः– (१) कुनै व्यक्ति वा निजको परिवारले आफैले भोग गर्ने मनसायले अरू व्यक्ति खडा गरी आफ्नो जग्गा रजिष्ट्रेशन पास गरी वा अरू कुनै व्यहोराबाट हक छाडी दिई वा अरू व्यक्तिको नाउंमा कुनै व्यहोराबाट कुनै जग्गा प्राप्त गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपले त्यस्तो जग्गा आफैले भोग गरेको रहेछ भने त्यस्तो जग्गा समेत निजकै साथमा कायम रहेको सरह मानी दफा ७ लागू हुनेछ।

(२) कुनै जग्गावालाले उप–दफा (१) बमोजिमको जग्गाका सम्बन्धमा दफा १३ बमोजिम पेश गर्नुपर्ने फांटवारी सो दफा बमोजिमको म्यादभित्र पेश गरेमा सो जग्गा निजको नाउंमा कायम गरी यस ऐन बमोजिम कारवाइ गरिनेछ।

(३) उप–दफा (१) बमोजिमको जग्गाका सम्बन्धमा कुनै जग्गावालाले दफा १३ बमोजिम पेश गर्नु पर्ने फांटवारी सो दफा बमोजिमको म्यादभित्र पेश नगरी सो जग्गाको दर्तावालाले जग्गा निजको नाउंमा दर्ता रहे तापनि वास्तविक जग्गावाला अर्कै हो भनी जग्गावाला देखाई दफा १३ बमोजिमको विवरण पेश गरेमा त्यस्तो जग्गामा सो जग्गावालाको सबै हक समाप्त हुनेछ र त्यसमा दर्तावालाकै हक कायम गरी यस ऐन बमोजिम कारवाई गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (२) बमोजिम जग्गावालाले वा उप-दफा (३) बमोजिम वर्तावालाले विवरण पेश नगरी अरू कुनै व्यक्तिबाट सो कुरा थाहा हुन आएमा तोकिएको अदालतको आदेशले त्यस्तो जग्गा जफतभै श्री ५ को सरकार लाग्नेछ र त्यस्तो जग्गाको तोकिएको दरले हुने मोलको दश प्रतिशत सो जाहेर वालालाई पुरष्कार दिइनेछ ।

१०. जग्गा प्राप्त गर्नमा प्रतिबन्धः– (१) अंश वा अपुताली परेकोमा बाहेक कसैले जग्गा वालाको हैसियतले दफा ७ मा तोकिएको अधिकतम हदमा बढ्ने गरी आफ्नो वा अरू, कसैको नाउंमा कुनै तवरले कुनै जग्गा प्राप्त गर्न हुंदैन ।

(२) कसैले कुनै तवरले जग्गा लिई रजिष्ट्रेशन पास गर्न आएमा सो जग्गा लिने व्यक्तिले आफ्नो वा अरू कसैको नाउंबाट नेपाल अधिराज्यभित्र जग्गावालाको हैसियतले तत्काल राखेको जग्गाको कूल क्षेत्रफल यति छ भनी फांटवारी लेखि रजिष्ट्रेशन गर्ने अधिकारी छेउ दाखिल नगरेसम्म त्यस्तो लेनदेनको लिखत पास हुनेछैन ।

(३) उप-दफा (२) बमोजिम दाखिल भएको फांटवारीबाट उप-दफा (१) को विपरीत हुन जाने गरी जग्गा लिएको वा लिन खोजेको देखिएमा रजिष्ट्रेशनपास गर्ने अड्डाले त्यस्तो लेनदेनको लिखत पास गर्न हुंदैन ।

जायः– (१) कसैले दफा ८ प्रारम्भ भएपछि अंश वा अपुताली परेकोमा [illegible] सो दफामा तोकिएको अधिकतम हदमा बढ्ने गरी मोहीको हैसियतले कुनै [illegible]ा कमाउन लिन हुंदैन । लिएमा निजलाई तोकिएको अदालतको आदेशले रु. ५००। [illegible]सयसम्म जरिवाना हुनेछ र त्यस्तो अधिकतम हदभन्दा बढी कमाए जति जग्गाबाट निस्काशन समेत गरिनेछ ।

तर कसैले दफा ८ प्रारम्भ हुनुभन्दा अघिदेखि सो दफामा तोकिएको अधिकतम हदभन्दा बढी जग्गा कमाई राखेको रहेछ भने त्यस्तो बढ जग्गा जतिको मोहियानी हक र दफा ८ प्रारम्भ भएपछि अंश वा अपुताली परी उक्त अधिकतम हदभन्दा बढी जग्गाको मोहीयानी हक प्राप्त हुन आएमा त्यस्तो बढ जग्गा जतिको मोहियानी हक समेत श्री ५ को सरकारले तोकिएबमोजिम प्राप्त गरी तोकिए बमोजिम बिक्रीवितरण गर्नेछ । कुनै खास क्षेत्रको जग्गाको सम्बन्धमा त्यस्को मोहियानी हक प्राप्त गरिएकोमा त्यस्को क्षतिपूर्ति सम्बन्धित मोहीलाई दिनुपर्छ भन्ने श्री ५ को सरकारलाई लागेमा तोकिएको दरले क्षतिपूर्ति दिने दिलाउने व्यवस्था समेत श्री ५ को सरकारले गर्न गराउन सक्नेछ ।

(२) कसैले दफा १० उल्लंघन गरी जग्गा प्राप्त गरेमा निजलाई तोकिएको अदालतको आदेशले रु. १०००। एकहजारसम्म जरिवाना हुनेछ र त्यसरी प्राप्त गरेको जग्गा मध्ये दफा ७ बमोजिम निजले राख्न पाउने हदभन्दा बढी भए जति जग्गा जफत हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट 265 प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अधिकतम हदबन्दीमा छूट पाउने:– दफा ७ र दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाहरूमा भएको व्यवस्था देहायको जग्गाको सम्बन्धमा लागू हुनेछैन ।

(क) श्री ५ को सरकारको भोग चलनमा रहेको जग्गा,

(ख) विभिन्न स्तरका पञ्चायत र वर्गीय संगठनहरूको भोग चलनमा रहेको जग्गा,

(ग) श्री ५ को सरकारले सूचित आदेशद्वारा तोकिदिएको शिक्षण वा स्वास्थ्य संस्थाहरूको भोग चलनमा रहेको, सोही आदेशमा तोकिएको हदसम्मको जग्गा त्यस्तो संस्थाको काममा रहेसम्म,

(घ) श्री ५ को सरकारले सूचित आदेशद्वारा तोकिदिएको औद्योगिक काममा तोकिएको शर्त अनुसार लगाइएको सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो काममा रहेसम्म,

(ङ) श्री ५ को सरकारले सूचित आदेशद्वारा तोकिदिएको कृषि उद्योगको काममा तोकिएको शर्त अनुसार लगाइएको सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो शर्त अनुसार सो काममा रहेसम्म,

(च) गुठी संस्थान ऐन, २०२१ बमोजिमको गुठी संस्थानको अधिनस्थ जग्गा, र

(छ) श्री ५ को सरकारले सूचित आदेशद्वारा तोकिदिएको सहकारी खेति गर्ने संस्थाको नाउँमा रहेको, सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो संस्थाको काममा रहेसम्म, र

(ज) कूटनैतिक सुबिधा प्राप्त विदेशी संस्था वा विदेशी राज्यले श्री ५ को सरकारको स्वीकृति लिई प्राप्त गरेको जग्गा, त्यस्तो संस्था वा राज्यको काममा रहेसम्म

## परिच्छेद–४

## अधिकतम हदभन्दा बढी जग्गा प्राप्त गर्ने

१३. जग्गाको फांटवारी दाखिल गर्ने:– (१) तोकिएको अधिकारीले तोकिए बमोजिम सूचना जारी गरी सबै जग्गावालाहरूलाई सो सूचना जारी भएको मितिले ३५ दिनभित्र तोकिए बमोजिमको फांटवारी दाखिल गर्न गराउन आदेश दिन सक्नेछ ।

तर सम्बन्धित व्यक्तिको निवेदन परी म्याद बढाउनु पर्ने देखिएमा तोकिएको अधिकारीले बढीमा ७ दिनसम्मको थप म्याद दिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिमको फांटवारी दाखिल गर्नु गराउनु प्रत्येक जग्गावालाको कर्तव्य हुनेछ । त्यस्तो फांटवारी परिवारको हकमा सो परिवारको मुख्यले र नाबालक वा होश ठेगाना नभएको जग्गावालाको हकमा निजको अभिभावक वा हकवालाले दाखिल गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) एक वा एक भन्दा बढी क्षेत्रमा दफा ७ बमोजिम राख्न पाउने अधिकतम हद भन्दा बढी जग्गा हुने जग्गावालाले यस दफा बमोजिम फांटवारी पेश गर्दा त्यस्तो जग्गा मध्ये कुन जग्गा राख्ने र कुन जग्गा छोड्ने भन्ने कुरा समेत सो फांटवारीमा खुलाउनु पर्छ ।

१४. <u>फांटवारी तयार गर्नेः–</u> (१) दफा १३ बमोजिम दाखिल हुन आएको फांटवारी र तत्सम्बन्धमा अन्य सूत्रबाट प्राप्त भएको सूचनाको आधारमा समेत तोकिएको अधिकारीले सम्बन्धित व्यक्तिलाई बुझी स्पष्टिकरण लिई तोकिए बमोजिमको फांटवारी तयार गरी तोकिए बमोजिम प्रकाशित गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम फांटवारी प्रकाशित भएको मितिले ७ दिनभित्र सो फांटवारीमा भएको कुनै भूल सच्याउन पर्ने कुरा सम्बन्धित व्यक्तिको उजूरीबाट वा अरू कुनै सूत्रबाट जानकारी हुन आएमा तोकिएको अधिकारीले सच्याउन पर्ने देखेका कुराहरू सच्याउन सक्नेछ ।

(३) उप-द[illegible] (१) बमोजिम प्रकाशित भएको फांटवारीमा वा उप-दफा (२) बमोजिम त्यस्तो फांटवारीमा सच्याइएको कुनै कुरामा चित्त नबुझ्ने व्यक्तिले अवस्था-नुसार सो फांटवारी प्रकाशित भएको वा सच्याइएको मितिले १५ दिनभित्र तोकिएको अदालतमा उजूर गर्न सक्नेछ ।

१५. <u>अधिकतम हदभन्दा बढी जग्गा प्राप्त गर्नेः–</u> दफा १४ को उप-दफा (१) बमोजिम प्रकाशित भएको फांटवारीमा उजूर गर्ने म्याद गुज्री उजूर नलाग्ने भै सकेकोमा सो प्रकाशित फांटवारी बमोजिम र उजूरी परेकोमा उजूरीको अन्तिम निर्णय बमोजिम तोकिएको अधिकारीले सम्बन्धित जग्गावालाहरूको यो परिच्छेद लागू भएको क्षेत्रमा दफा ७ मा तोकिएको अधिकतम हदभन्दा बढी भएको जग्गा तोकिए बमोजिम प्राप्त गर्नेछ । त्यसरी प्राप्त गरिएपछि सो जग्गामा सम्बन्धित जग्गावालाको हक तथा अधिकार स्वतः समाप्त भएको मानिनेछ ।

तर–

(क) एक वा एकभन्दा बढी क्षेत्रमा कुनै जग्गावालाको दफा ७ बमोजिम राख्न पाउने अधिकतम हदभन्दा बढी जग्गा भै निजले दफा १३ बमोजिम फांटवारी पेश गर्दा आफूले राख्न चाहेको जग्गा देखाई फांटवारी पेश गरेको रहेछ भने निजले सो फांटवारीमा रोजेको दफा ७ मा तोकिएको अधिकतम हदभित्रको जग्गा प्राप्त गरिने छैन ।

(ख) त्यसरी प्राप्त गरिएको जग्गा परिच्छेद ६ बमोजिम बिक्री वितरणमा पाउने व्यक्तिलाई हस्तान्तरण नभएसम्म साबिक जग्गावालाले साबिक बमोजिम श्री ५ को सरकारमा मालपोत तिर्नुपर्ने गरी भोग चलन गर्न पाउनेछ ।

250

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

१६. अधिकतम हदभन्दा बढी जग्गा प्राप्त हुन आएमा गर्नेः– (१) अंश पाई वा अपुताली परी वा खोलाले छोडी वा नरवेसी भै कुनै व्यक्ति वा निजको परिवारलाई जग्गावालाको हैसितयले प्राप्त हुन आएको जग्गा र निजको सो अघि कुनै जग्गा भए सो समेत मिलाउंदा दफा ७ मा तोकिएको अधिकतम हदभन्दा बढी भएमा निजले सो प्राप्त भएको ३५ दिनभित्र तोकिए बमोजिमको फांटवारी तोकिएको अधिकारी छेउ दाखिल गर्नुपर्छ ।

तर सम्बन्धित व्यक्तिको निवेदन परी म्याद बढाउनु पर्ने देखिएमा तोकिएको अधिकारीले बढीमा ७ दिनसम्मको थप म्याद दिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम कसैको फांटवारी दाखिल भएपछि तोकिएको अधिकारीले त्यस्तो जग्गावाला र जग्गाको सम्बन्धमा समेत दफा १४ र दफा १५ बमोजिम कारवाई गर्नेछ ।

१७. बन्धकी साहूको थैली कपाली हुनेः– (१) कुनै जग्गा बन्धकी लिई भोग गरी रहेको साहूले दफा ७ बमोजिम सो जग्गा भोग गर्न नपाउने भै असामीले फिर्ता पाउने भएमा सो फिर्ता पाउने भएको मितिदेखि त्यस्तो साहूको बन्धकी थैली कपाली हुनेछ ।

(२) दुई वा सोभन्दा बढी जग्गावालाको जग्गा बन्धकी लिई भोग गरी रहेका साहूले दफा ७ बमोजिम त्यस्तो सबै जग्गा भोग गर्न नपाउने भएमा लिखतको मितिको हिसाबले अघिल्लो असामीको जग्गा फिर्ता गर्नु पर्नेछ र त्यस्तोमा उप-दफा (१) मा लेखिएको कुरा समेत लागू हुनेछ ।

१८. दण्ड सजायः– (१) कसैले दफा १३ वा दफा १६ बमोजिम दाखिल गर्नुपर्ने फांटवारी दाखिल नगरेमा वा अधुरो फांटवारी दाखिल गरेमा वा जानी जानी झुठ्ठा फांटवारी दाखिल गरेमा तोकिएको अधिकारीको आदेशले सम्बन्धित जग्गा जफत हुनेछ ।

(२) कसैले दफा १५ बमोजिम जग्गा प्राप्त गरिने काममा तोकिएको अधिकारी वा निजको तर्फबाट काम गर्न खटिएको कर्मचारीलाई बाधा विरोध गरेमा त्यस्तो बाधा विरोध गर्ने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले रु. १०००। एकहजारसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

(३) उप-दफा (१) वा उप-दफा (२) अन्तर्गत तोकिएको अधिकारीले दिएको सजाय वा जफतको निर्णय वा आदेश अन्तिम हुनेछ र त्यस उपर कुनै अदालतमा अपील वा उजूर लाग्नेछैन ।

## परिच्छेद–५
## क्षतिपूर्ति

१९. क्षतिपूर्ति दिइनेः– (१) दफा १५ बमोजिम प्राप्त गरिएको जग्गाको सम्बन्धमा तोकिएको दरले क्षतिपूर्तिको रकम श्री ५ को सरकारले दफा २० को अधीनमा रही जग्गावालालाई दिनेछ ।

259

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जग्गावालाको हक अरूलाई हस्तान्तरण भएपछि क्षतिपूर्तिको अंकको सयकडा १० नगदमा १ वर्षभित्र दिइनेछ र बांकीको निमित्त श्री ५ को सरकारबाट निष्काशित ऋणपत्रहरू दिइनेछ । यी ऋणपत्रहरूमा वार्षिक ३ प्रतिशतमा नघट्ने र ५ प्रतिशतमा नबढ्ने गरी श्री ५ को सरकारले तोके बमोजिमको दरले ब्याज दिइनेछ । ऋणपत्र निष्काशित गरिएको मितिले १० वर्षको अवधिभित्र ती ऋणहरूबाट श्री ५ को सरकारले तोकेको शर्त बमोजिम विकास योजनामा लगानी हुने पूंजीको शेयर किन्न सकिनेछ ।

(३) उप–दफा (२) बमोजिम दिइएको ऋणपत्र श्री ५ को सरकारमा बुझाउनु पर्ने डिपोजिट, जमानत वा तिर्नुपर्ने अन्य कुनै रकमको निमित्त ग्राह्य हुनेछ ।

२०. भोग वा दृष्टि बन्धकीको जग्गाको क्षतिपूर्तिः– दफा १५ बमोजिम कुनै जग्गावालाबाट प्राप्त गरिएको जग्गा अरू कसैले भोग वा दृष्टि बन्धकीमा लिएको रहेछ भने दफा १९ बमोजिम पाउने क्षतिपूर्ति सो भोग वा दृष्टि बन्धकीमा लिने साहूले पाउनेछ ।

तर– क्षतिपूर्तिको रकम त्यस्तो साहूको थैली भन्दा बढी भएमा सो बढी भए जति रकम असामीले पाउने छ र घटी भएमा सो घटी भए जति थैलीमा असामी उपर साहूले दावा गर्न पाउने छैन ।

## परिच्छेद–६
## जग्गाको बिक्री वितरण

२१. जग्गाको बिक्री वितरणः– दफा १५ बमोजिम प्राप्त भएको जग्गालाई तोकिएको अधिकारीले तोकिए बमोजिम बिक्री वितरण गर्नेछ र त्यसरी बिक्री वितरणमा पाएको जग्गा सो पाउने व्यक्तिको नाममा जग्गावालाको हैसियतले दर्ता गरिनेछ ।

२२. जग्गाको मोल लिनेः– (१) दफा २१ बमोजिम जग्गा बिक्री वितरण हुंदा जग्गा पाउने व्यक्तिले सो जग्गाको तोकिएको दरले हुन आउने मोलको रकम तोकिए बमोजिम एक मुष्ट वा किस्ताबन्दीमा तोकिएको समय समयमा तोकिए बमोजिम नगदीमा बुझाउनु पर्नेछ । किस्ताबन्दीमा भुक्तानी गर्नेसंग मोलको रकममा वार्षिक सयकडा १० का दरले भुक्तानी हुने अवधिको ब्याज समेत लगाई असूल गरिनेछ ।

तर–

कसैले बुझाउनु पर्ने पूरै रकम वा एक वा सोभन्दा बढी किस्ता वा त्यसको कुनै अंश सो किस्ता बुझाउनु पर्ने तोकिएको म्याद अगावै कुनै समय बुझाउन चाहेमा बुझाउन सकिनेछ ।

(२) उप–दफा (१) बमोजिम असूल हुने रकमलाई तोकिएको अधिकारीले सहकारी बैंकमा एउटा छुट्टै खाता खोली तोकिए बमोजिम जम्मा गराउने छ ।

252

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।